# आकस्मिक अबस्थामा धमिलो पानी कपडाले छान्ने बिधि

प्राकृतिक प्रकोपको अवस्थामा पानीको श्रोत मासिने वा संक्रमित हुने भएकोले धमिलो पानीलाई यथाशक्य शुद्धीकरण गरी मात्र पिएमा बिभिन्न जल उत्पन्न रोगहरु बाट बच्न सकिन्छ | हाल उपलब्ध फिल्टर वा क्लोरिन (चक्की वा झोल) शुद्धीकरण धमिलो पानीका लागी पूर्ण प्रभाबकारी नहुने भएकोले संकटको अवस्थामा निम्न बिधि सिफारिश गरिएको छ |

## आबश्यक सामग्री

पानी जम्मा गर्ने २ वटा भाडा (पानी अट्ने लिटर क्षमता थाहा भएको)
पानी सार्ने मग/लोहटा १ वटा
सुती सफा कपडा कम्तिमा १ मिटर
पानी सफा गर्ने क्लोरिन चक्की वा झोल

## छान्ने बिधि



- एउटा भाडामा पानी संकलन गर्ने
- सफा सुतीको कपडालाई ४ तहमा पट्याई दोश्रो भाडाको मुखमा बाँध्ने
- पहिलो भाडा बाट दोश्रोमा बिस्तारै पानी खन्याउने
- दोश्रो भाडा भरिए पछी बिस्तारै कपडा पन्छाउने
- थप शुद्धीकरणकालागी क्लोरिन चक्की र झोल हाली कम्तिमा आधा (१/२) घन्टा पछि पिउनका लागी प्रयोग गर्ने

## जान्नै पर्ने अन्य कुरा:

क) P&G, PUR जस्ता पुडियामा पाइने केमिकल (Flocculent/Disinfectant powder) सिधै धमिलो पानीमा प्रयोग गर्न सकिन्छ ।

ख) नेपालामा बढी मात्रमा प्रयोग हुने क्लोरिन यि हुन्:

a) Aquatab (3.5 mg) - १ लि पानीमा

b) Aquatab (33 mg) - ५ लि पानीमा

c) पिउष झोल - ३ थोपा १ लि पानीमा

---

**अन्य बिधिहरुका लागी कृपया तलको सामग्री अध्ययन गर्नुहुन अनुरोध छ:**

Guidance on selecting appropriate household water treatment and storage (HWTS) systems (WASH Cluster, Nepal Earthquake response 2015)